# रावा बेसी गाउँपालिका, हरमटार, खोटाङको

# आ.व. २०७९/८० का लागि बजेट बक्तव्य

# आ.व. २०७९/८० का लागि बजेट बक्तव्य

**यस गरिमामय सभाका आदयरणीय सभाध्यक्ष महोदय, अतिथिज्यूहरु एवं सभाका सम्पुर्ण सदस्यज्यूहरु,**

नेपालको संविधान,२०७२ बमोजिम सम्पन्न भएको पहिलो स्थानीय तह निर्वाचनको ५ वर्षे कार्यकाल समाप्त भै दोस्रो कार्यकालको पहिलो वर्ष यस सम्मानित एवं गरिमामय सभामा उपस्थित भएर आज यस रावा बेसी गाउँपालिको आ.व. २०७९।८० को बजेट प्रस्तुत गर्न पाउँदा मैले आफूलाई भाग्यशाली महशुस गरेको छु ।यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समावेशी शासन व्यवस्था, मौलिक हक लगायत नेपाली जनतालाई अधिकार लगायत देशको राजनैतिक र सामाजिक रुपान्तरणका निम्ति इतिहासका विभिन्न कालखण्डमा भएका विभिन्न आन्दोलनहरुमा अमुल्य जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलका घाइते र अपाङ्गहरुमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दै उहाहरुप्रति उच्च सम्मान गर्न चाहान्छु।

स्थानीय तह सञ्चालनको लागि २० वर्ष पछि भएको स्थानीय निर्वाचनको पहिलो ५ वर्ष पहिलो अभ्यास भएको हुँदा सञ्चालनमा थुप्रै नीतिगत, कानुनी एवं संस्थागत संरचनाको अभाव, सिमित स्रोत साधनको सिमितता, कर्मचारीको अभाव र अन्यौलताहरुका वीचमा स्थानीय तह अगाडी बढेको हामीले अनुभव गरेको र बुझेकै कुरा हो यसका बावझुद पनि आर्थिक वृद्धि उन्मुख अर्थतन्त्र, सामाजिक परिवर्तन, भौतिक पुर्वाधारहरुको विकास र सुशासन र सेवा प्रवाहमा निश्चित मार्ग तथा खाका पहिल्याउदै सभ्य र समृद्ध पालिका बनाउने

अभियानको आधारशिला खडा भएकोमा पुर्व गा.पा.अध्यक्ष, उपाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु प्रति साथै सम्पुर्ण कर्माचारीप्रति धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

विकास निर्माणलाई परिणाममुखि बनाउन र गाउँपालिकाबासीका आबश्यकता र जनआकांक्षालाई परिपुर्ति गर्नका लागि सिमित स्रोत र साधन हाम्रो सिमा रहे पनि सम्बोधन गर्ने प्रयत्न गरिएको छ नेपाल सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण, शसर्त अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण, शसर्त अनुदान, गाउँपालिकाको आन्तीरक आय, विकास साझेदार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई एकीकृत गरी सबैबर्ग र क्षेत्रमा विशेष गरी गरिब, महिला बालबालिका,सामाजिक एबं आर्थिक दृष्टिकोणबाट पिछडीएका बर्ग र समुदाय एबं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी श्रोत साधनको अधिकतम परिचालन गर्दै समान र सन्तुलित तवरबाट विकास निर्माणलाई अबलम्बन गर्दै सहज र सरल रुपमा सेवा सुबिधा उपलब्ध गराउन एबं त्यस्ता सेवा सुबिधालाई मितब्ययी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेसी, न्यायोचित दिगो र गुणस्तरयुक्त गराउदै गरिबी न्यूनिकरण र दिगो विकासको लागि श्रोत साधनलाई ब्यवस्थित गर्दै गाउँपालिकाले आफ्ना क्रियाकलाप अगाडी बढाइने ब्यहोरा अनुरोध गर्दछु । रावा बेसी गाउँपालिकालाई भौतिक पुर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सामाजिक न्याय र समानताको दृढ पक्षपोषण गर्दै सबै प्रकारका भेदभाव र अन्यायको अन्त्य गरी "सबैको लागि सम्वृद्धि"भन्ने नारालाई सार्थक बनाउन निरन्तर लागिरहने कुरा अबगत गराउन चाहान्छु ।

यसै परीप्रेक्ष्यमा यस रावा बेसी गाउँपालिकाको विकासको लागि सदैव जागरुक भइरहने यहाँका राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवी, समाजसेवी,

कर्मचारी तथा सम्पूर्ण रावा बेसी गाउँपालिकाबासी नागरिकहरु प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।यो बजेट स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परमार्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, सबै विषयगत समितिहरु, सबै वडा समितिहरुबाट पर्याप्त छलफल निर्णय भै सबै आम नागरिकहरुको माग र आबश्यकताको आधारमा तयार पारिएको छ ।

त्यसै गरी आ.व. २०७९।८० को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान २०७२, गाउँपालिको नीति तथा कार्यक्रम, संघिय तथा प्रदेश सरकारका नीति, बजेट तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन तथा विद्यमान कानूनहरु, विनियोजन विधयेक, दिगो विकास लक्ष्य, रावा बेसी गाउँपालिकाको आवधिक योजना, पन्ध्रौ योजना, ,विभिन्न तह र तप्काबाट प्राप्त सुझावहरु तथा विगतको अनुभवको सिकाइ नागरिकहरुका माग र आबश्यकता साथै नेपाल सरकारबाट प्राप्त निर्देशिका तथा मार्गदशर्नहरुलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु ।यी नीतिगत कुराहरुलाई मध्यनजर गर्दै गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, उच्च तथा दिगो आर्थिक प्रतिफल प्राप्त हुने, बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने, स्थानीय जनताको सामाजिक आर्थिक उन्नतिमा सहयोग पुग्ने, वातावरण संरक्षण र विपद व्यवस्थापनमा सहयोग पुर्याउने, स्थानीय स्रोत साधनमा आधारित, रोजगारमूलक तथा सहभागितामूलक पक्षहरुलाई वीचार गरी योजना छनौट गरिएको कुरा समेत अवगत गराउन चाहान्छु ।

सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०७७/७८ को यथार्थ आय व्यय र आर्थिक वर्ष २०७८/७९ को आय र व्ययको संशोधित अनुमान प्रस्तुत गर्दछु ।

**आर्थिक वर्ष २०७७/७८ को आय र व्ययको यथार्थ विवरणः**

- आ.व. २०७७/७८ को आन्तरिक आयबाट प्राप्त रकम रु.३४ लाख ६हजार त्रीसठ्ठी मात्र ।
- संघिय सरकारबाट प्राप्त रावश्व बाडफाँड रु. **३ करोड** ५९ लाख १३ हजार ७ सय २१ र प्रदेश सरकारबाट प्राप्त सवारी कर बाडफाँड रु. २७ लाख २ हजार ७ सय १६ गरी जम्मा रु.३ करोड ८६ लाख १६ हजार ४ सय ३७ मात्र ।
- संघिय सरकार वित्तिय समानिकरण अनुदान रु. ७ करोड ३६ लाख, संघिय सशर्त अनुदान रु. १६ करोड २५ लाख ४० हजार ४ सय ४५, समपूरक अनुदान रु. ४० लाख, विशेष अनुदान रु. १ करोड गरी जम्मा रु. २५ करोड १ लाख ४० हजार ४ सय ४५ मात्र ।
- प्रदेश सरकार वित्तिय समानिकरण अनुदान **रु. ६९ लाख ७२ हजार**, प्रदश सशर्त अनुदान **रु. २५ लाख ९६ हजार**, प्रदेश समपूरक कोष रु. १ करोड गरी जम्मा **रु. १ करोड ९५ लाख ६८ हजार मात्र** ।
- सामाजिक सरक्षा कार्यक्रम तथा अन्य **रु. ५ करोड ४१ लाख ९४ हजार २ सय २१ मात्र** ।
- आ.व. २०७७/७८ को कुल यथार्थ आय **रु ४१ करोड ५७ लाख १० हजार ६ सय ९६मात्र** र खर्च **रु.३७ करोड ४० लाख २० हजार ३ सय ६० मात्र**। यो खर्च कुल आयको ८९.९७ प्रतिशत हुन आउछ ।

**चालु आर्थिक वर्ष २०७८/७९ को आय व्ययको संशोधित अनुमानः**

- चालु आ. व. २०७८/७९ कुल बजेट विनियोजन ऐन अनुसार **रु. ३६ करोड ४५ लाख ३५ हजार** भएकोमा विनियोजन ऐन पारीत भै सके पश्चात विनियोजन ऐनमा समाबेश नभएको संघिय सरकारबाट प्राप्त सशर्त अनुदान **रु. १ करोड ९५ लाख ५० हजार** र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान **रु. ३१ लाख ५२ हजार** गरी जम्मा **रु. २ करोड २७ लाख २ हजार** । पछि प्राप्त भएको बजेटलाई समाबेश गर्दा कुल संशोधित बजेट **रु.३८ करोड ७२ लाख ३७ हजार** हुन गएको छ ।

**सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,**

अब म आ.व.२०७९/८० को बजेटको सोच, उद्देश्यहरु र प्राथमिकाहरुको चर्चा गर्न गइरहेको छुः

(क) सोचः सम्वृद्ध रावा बेसीगाउँ पालिकाको निर्माण गर्ने ।

(ख) उद्देश्यः

- सेवामूलक र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइ स्वस्थ जनजीवन बनाउने ।
- कोरोना भाइरस (Covid-19) तथा आउन सक्ने यस्तै महामारीबाट सधैं सजग राख्ने
- प्रत्येक गाउँ र वडालाई कृषिमा आत्मनिर्भर बनाउने ।
- दिगो उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिदर उच्च राख्ने ।
- रोजगारी सृजना र गरिवी निवारण गर्ने ।
- उच्च सामाजिक सुविधा र मर्यादा सहितको लैंगिक समानता, समतामूलक, समावेशी, सुरक्षीत, सभ्य र न्यायपूर्ण समाजको निर्माण गर्ने

।

- दिगो, गुणस्तरिय, समानुपातिक र पहुँचयोग्य पुर्वाधार क्षेत्रको विकास गरी जनजीवनलाई मर्यादित र सहज बनाउने ।
- वातावरण स्वच्छ र सन्तुलित राख्ने ।
- संस्थागत क्षमता वृद्धि गरी सुशासन कायम राख्ने ।

यी उद्देश्यहरु हासिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छः

- कृषिलाई थप व्यवसायीकरण र आधुनिकिकरण गर्नको लागि थप टेवा पुग्ने किसिमाका कार्यक्रमहरु
- स्वरोजगारमूलक तालिम, उद्यम विकासको माध्यामबाट रोजगारी सृजना गर्ने साथै स्थानीय उत्पादनमा वृद्धि गरी आत्मानिर्भर बनाउदै गरिवी निवारणमा जोड दिने खालाका कार्यक्रमहरु ।
- कम लगानी बाट उच्च प्रतिफल दिने र आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्याउने खालका कार्यक्रमहरु ।
- विभिन्न खाले महामारीबाट बच्ने, जीवन रक्षा गर्ने, निरन्तर चेतना जगाउने कार्यक्रमहरु ।
- स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राख्दै सामाजिक विकासका क्षेत्रमा सघाउ पुर्याउने किसिममा कार्यक्रमहरु ।
- आम नागरिकहरुको पहुँचमा सहज र सरल पुर्याउने सडक तथा पूर्वाधारका आयोजनाहरु ।
- स्थानीय गौरवका योजनाहरु तथा चालु आ.व.मा शुरु भै विविध कारणले सम्पन्न नभएका ठुला योजनाहरु ।
- गाउँविकास आवधिक योजनाले लिएका उद्देश्य पुर गर्ने खालका

कार्यक्रमहरु ।

- ❖ समावेशी र सन्तुलित विकासमा सहयोग पुर्याउने कार्यक्रम तथा आयोजनाहरु
- ❖ सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री, जनमुखि र नतिजामुखि, जनउत्तरदायी र पारदशी बनाउदै सुशासन कायम गर्ने साथै प्रशासकीय र व्यवस्थापकीय क्षमता, कानुनी र संस्थागत क्षमतालाई समय अनुकुल वृद्धि हुने कार्यक्रमहरु ।

सभध्यक्ष महोदय,

अब म यिनै उद्देश्य तथा प्राथमिकताका आधारमा रही तयार गरिएको आर्थिक वर्ष २०७९।८० को कुल अनुमानित आय र विनियोजन तथा स्रोत समेतको वार्षिक बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

<u>आय तर्फः</u>

- ➢ रावा बेसी गाउँपालिकाको आ.व.२०७९/८० को लागि **रु. ३८ करोड ३९ लाख २ हजार २३** मात्रको अनुमानित बजेट प्रस्तावित गरेको छु ।उक्त प्रस्तावित बजेटको खर्च व्यहोर्ने स्रोतहरुमाः
- ➢ गाउँपालिकाको आन्तरिक आयबाट प्राप्त रकम **रु. ४० लाख ५० हजार मात्र** प्राप्त हुने अनुमान गरेको छु ।
- ➢ संघिय सरकारबाट प्राप्त रावश्व बाडफाँड **रु. ६ करोड ८३ लाख २४ हजार** र प्रदेश सरकारबाट प्राप्त सवारी कर बाडफाँड **रु. २९ लाख ६९ हजार २३** गरी कुल राजश्व बाडफाँड जम्मा **रु. ७ करोड १२ लाख ९३ हजार तेइस** मात्र अनुमान गरेको छु ।
- ➢ संघिय सरकार वित्तिय समानिकरण अनुदान **रु. ८ करोड ३९ लाख,**

संघिय सशर्त अनुदान रु. १७ करोड ६४ लाख, समपूरक अनुदान रु. १ करोड, विशेष अनुदान रु. १ करोड ७० लाख गरी संघिय बजेट जम्मा रु. २८ करोड ७३ लाख मात्रको अनुमान छ भने ।

- प्रदेश सरकार वित्तिय समानिकरण अनुदान रु. ४३ लाख ३५ हजार, प्रदश सशर्त अनुदान रु रु. ६९ लाख २४ हजार, समपूरक अनुदान रु. १ करोड गरी जम्मा रु. २ करोड १२ लाख ५९ हजार मात्रको अनुमान गरेको छु ।

विनियोजन तर्फ:

- विभिन्न बिषयगत शाखाको लागि प्राप्त संघिय सशर्त अनुदान चालु कार्यक्रम तर्फ रु. १५ करोड २७ लाख र संघिय सशर्त अनुदान पूजिंगत तर्फ रु. २ करोड ३७ लाख विनियोजन गरेको छु भने प्रदेश सरकार सशर्त अनुदान तर्फ रु. ६९ लाख २४ हजार विनियोजन गरेको छु ।
- गाउँपालिका तथा संघिय सरकारसँगको समपूरक अनुदानबाट नुनथला कुभिण्डे सडक स्तरोन्नतिका लागि रु. १ करोड ५० लाख, सोहि सडकको लागि प्रदेश सरकारसँगको समपूरक अनुदानबाट रु. ७८ लाख र प्रदेश सरकारसँगकै समपूरक अनुदानबाट विजुले चिउरीबास देखि भञ्याङ जुकेखोला सम्म सडक स्तरान्नतीका लागि रु. ५२ लाख विनियोन गरेको छु ।
- संघिय सरकार विशेष अनुदानबाट विश्वज्वति मा.वि. लामिडाडाको होस्टेल निर्माणको लागि रु. १ करोड ७० लाख विनियोजन गरेको छु ।
- संघिय सरकार प्रदेश सरकार र अन्य विभिन्न विकास साझेदार

संस्थाहरुसँगको साझेदारी कार्यक्रमहरुको लागि **रु. १ करोड ५०** **लाख** विनियोजन गरेको छु ।

- ➢ वडागत पूजिंगत योजनाहरुका लागि **रु. १ करोड ५० लाख** विनियोजन गरेको छु ।
- ➢ संघिय सरकार राजश्व बाँडफाड प्रदेश सरकार सवारी कर बाँडफाड र आन्तरिक राजश्वबाट खर्च व्यहोर्ने गरी चालु तथा चालु प्रकृतिका खर्च तर्फ **रु. ७ करोड ५३ लाख ४३ हजार** मात्र विनियोजन गरेको छु । उक्त रकम मध्ये चालु खर्चमा पदाधिकारी सेवा सुविधा, कर्मचारी तलब भत्ता लगायत कार्यालयको प्रशासनिक खर्च र सबै वडा कार्यालयको चालु खर्चका लागि **रु. ६ करोड ५३ लाख ४३ हजार** र चालु प्रकृतिका विभिन्न कार्यक्रमहरुका लागि **रु. १ करोड** खर्च हुँने अनुमान गरिएको छ।

<u>क्षेत्रगत विनियोजनः</u>

**१.आर्थिक विकासः**

रावा बेसी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छन् । कृषिलाई आधुनिकिकरण, व्यवसायीकरण, विशिष्टकरण गरी उत्पादन उत्पादकत्व वृद्धि गर्ने र रोजागारी सृजना गर्ने उद्देश्यका साथ कृषक दर्ता व्यवस्थापन, कृषि तथ्यांक अध्यावधिक, विभिन्न कृषि कार्यक्रमको लागि पकेट क्षेत्र कार्यक्रम, ५० देखि ८५ प्रतिशत अनुदानमा विभिन्न कृषि सामाग्री तथा कृषि औजार टनेला वितरण, विभिन्न फलफूलका विरुवा

वितरण, मौसमी तरकारीका विउ वितरण, एकिकृत नमूना कृषि फर्म कार्यक्रम, वालिनालिलाई किराहरुबाट जोगाउन किटनाशक विषादि वितरण, परीक्षण गरी माटो सुधार, कृषक क्षमता अभिवृद्धि कार्यक्रम, कृषक समूहरुलाई कुटानी पिसानी मिल वितरण आदिका लागि आबश्यक बजेट विनियोजन गरेको छु । कोल्ड स्टोरलाई आ. व. २०७९/८० मा सम्पन्न गर्ने गरी आबश्यक बजेट विनियोजन गरेको छु ।पशुपालनलाई व्यवसायीक बनाई आयआर्जन वृद्धि गर्न पशुपंक्षि पालन सम्बन्धि तालिम, पशु नष्ल सुधार कार्यक्रम, पशु आहाराको उत्पादन वृद्धि गर्न विभिन्न जातका घासका विउ वितरण, पशु विमाको लागि अनुदान, तोकिएको संख्यामा व्वसायिक पशुपालन गर्ने जस्ता कार्यक्रमा अनुदानको मिलाएको छु ।गाउँपालिका भित्रका पशुपंक्षिका रोगको सुरक्षाका लागि निःशुल्क औषधि वितरणको लागि आबश्यक बजेट विनियोजन गरेको छु ।करेसा खेतिलाई बडवा दिने कार्यक्रम, साना सिंचाइसँगको साझेदारीमा निर्माणाधिन सिंचाइ योजनालाई निरन्तरता दिदै थप योजनाहरुको लागि आबश्यक बजेट विनियोजन गरेको छु । ढाका बुनाइ सिलाइ कटाइ जस्ता घरेलु उद्योगलाई प्रोत्साहन गर्न मेशिन औजार वितरण,गरिवी निवारणका लागि विभिन्न रोजगारमूलक सिपमूलक तथा युवा स्वरोजगार कार्यक्रम, फुसको छाना विस्तापित गर्नै कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालान र नयाँ उद्यमी सृजनाका लागि बजेटको व्यवस्था गरेको छु ।रावा बेसी गाउँपालिकामा आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्न ऐतिहासिक धरोहरको संरक्षण गर्न बजेट विनियोजन गरेको छु ।आगामी आ व को लागि आर्थिक विकासको क्षेत्रमा **जम्मा रु. १ करोड १ लाख २९ हजार ३ सय ५० रकम** विनियोजन गरेको छु ।

## २. सामाजिक विकासः

सम्पूर्ण सामुदायीक विद्यालयहरुको सुधारको लागि एजुकेशन एप्सको निर्माण र विकास कार्य थालिनेछ र प्रविधमैत्री बनाउदै लगिनेछ । स्थानीय पाठ्यक्रम निर्माण सम्भाव्यता अध्ययनको कार्य शुरु गरिने छ ।विद्यालयहरुको भौतिक पूर्वाधारको सुधार तथा कक्षाकोठा ढलान गर्न बाकी सबै सामदायीक विद्यालयको ढलान कार्य सम्पन्न गर्न आबश्यक बजेटको व्यबस्था गरेको छु । सामुदायीक विद्यालयका प्रधानाध्यापकहरुलाई हाल नेपाल सरकारले उपलब्ध गराएको प्र.अ. भत्तामा सत प्रतिशत भत्ता थप गरिने छ । दलित, जेहेन्दार, विपन्न र बहुमुखी प्रतिभा भएका विद्यार्थी छनौट गरी प्रविधिक शिक्षाका लागि छात्रवृति प्रदान गरिनेछ ।शिक्षक शिक्षिकाहरुलाई प्रविधिमा दक्ष बनाउन आई.सि.टी. तथा कम्प्युटर तालिम, वालिवकास देखि कक्षा ५ सम्मका वालवलिकाका लागि दिवा खाजा जस्ता कार्यक्रमका लागि आबश्यक बजेट विनियोजन गरेको छु ।वालविकास र सामुदायीक विद्यालयका कर्मचारी कार्यालय सहयोगीहरुलाई चालु आ.व.मा पारीश्रमिकमा दिइएको थप रकमलाई निरन्तरताका लागि आबश्यक बजेट विनियोजन गरेको छु । त्यसै गरी सामुदायीक विद्यालयमा कार्यरत निजी शिक्षकहरुलाई दिदै आइरहेको त. भ. मा अनुदानको व्यवस्थालाई निरन्तरता दिएको छु । सामूदायीक अध्ययनकेन्द्रमा कार्यरत स.का.हरुको समेत पारिश्रमिक वृद्धि गर्ने कार्यक्रम राखेको छु । ५ शैयाको अस्पताल सञ्चालन तथा व्यव्थापनका लाग आबश्यक बजेट विनियोजन गरेको छु । रावा बेसी गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न सबै स्वास्थ्य चौकीहरुमा

निःशुल्क औषधिको व्यबस्था लागि आबश्यक बजेट छुटचाएको छु ।आबश्यकीय भ्याक्सिन बार्है महिना स्टोर गर्न गाउँपालिकाको कार्यालयमा आबश्यक व्यवस्था मिलाएको छु ।विभिन्न स्वास्थ्य शिवीर राख्न रकम विनियोजन गरेको छु। रावा बेसी गाउँपालिका वडा नं. ३ को तिर्पामा आधारभूत स्वास्थ्य इकाइको स्थापनाको लागि प्रदेश सरकारको सहयोगमा रु. १५ लाख बजेट विनियोजन गरेको छु । महिला स्वंयसेविकाहरुलाई प्रोत्साहन भत्ता र सुत्केरी भेटघाट तथा कुपोषित वालवलिकाका पोषण कार्यक्रम सञ्चालन गरिने छ ।रावा बेसी गाउँपालिका भरि नै दिगो तथा गुणस्तरिय खानेपानीको व्यवस्था गर्न बजेट विनियोजन गरेको छु। सरसफाईका लागि सचेतनामूलक कार्यक्रम लागि वजेट विनियोजन गरेको छु । बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुका लागि बजेटको प्रवन्ध गरिएको छ ।वालविवाह न्यूनिकरण, महिला हिंसा विरुद्धको कार्यक्रम, महिलाहरुका अन्य विविध कार्यक्रम, महिलाहरुलाई सिपमूलक तालिम, जनचेतनामूलक तालिम, महिला स्वंमसेविकालाई प्रोत्साहनका कार्यक्रम र समूह गठनद्वारा सशक्तिकरण गर्न तथा उपाध्यक्षसँग महिला कार्यक्रमा महिला समूह छनौट गरी विउपूँजी दिने कार्यक्रमका लागि आबश्यक रकम विनियोजन गरेको छु ।जेष्ठ नागरिकलाई सम्मान, एकल महिला तथा विधुवा उत्थान कार्यक्रम विदुर भत्ताको थालनीका लागि आबश्यक व्यवस्था मिलाइएको छ ।कुलतमा फसेका र मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुको अबस्था हेरी उपचार गर्न र मनोपरमार्श सेवाका लागि बजेट छुट्टयाको छु । त्यसै गरी धार्मिक स्थल र मठ मन्दिरको संरक्षण गर्न, आदिबासी जनजाती वर्गको भाषा संस्कृति संरक्षण

र भाषा अधिकार प्रवर्द्धन, चेतानमूलक कार्यक्रम सञ्चालन, अपाङ्ग लक्षित कार्यक्रम आदिका लागि आबश्यक बजेट विनियोजन गरेको छु। पालिकास्तरीय खेल मैदानको निर्माणलाई निरन्तरता दिइने छ ।युवा लक्षित कार्यक्रम तथा खेलकुद क्षेत्रको विकास लागि आबश्यक बजेट छुटयाएको छु।आगामी आ.व. मा सामाजिक विकासको क्षेत्रमा जम्मा **रु. १ करोड ८ लाख ५२ हजार ८ सय ७५** रकम विनियोजन गरेको छु ।

३.पूर्वाधार विकासः

आ.व २०७९।८० मा रावा बेसी गाउँपालिकाको यातायात गुरुयोजना निर्माण गरिनेछ जसको लागि आबश्यक बजेट विनियोजन गरेको छु । रावा बेसी गाउँपालिकाका मध्यमहाडी लोकमार्गसँग जोडिने विजुले लेकखर्क दुवेकोल ऐसेलुखर्क सडकको कोलोपत्रेको काम यसै आ. ब.मा शुरु बजेट माग गरिएको छ ।मुख्य राजमार्गसँग जोडिएका कुभिण्डे जौबारी नुनथला सडक, बिजुले चिउरीबास लामीडाडा सडक र कुभिण्डे  हौंचुर जालपा सडकको स्तरोन्नतिको कामलाई निरन्तरता दिइनेछ ।वडा कार्यालय, स्वास्थ्य चौकी र गाउँपालिकाको केन्द्रसँग जोडिएका सडकहरुलाई ८ मिटरको चौडा पार्दै स्तरोन्नतिको काम जारी राखीनेछ ।गाउँपालिका क्षेत्रभित्र निर्मित सबै सडकहरुलाई पहुचयोग्य बनाउन पहल गरिनेछ । यसका लागि आबश्यक बजेट विनियोजन गरेको छु ।निर्माण कार्य शुरु भै सकेका बस्ति स्तरिय सडक योजनाहरुलाई निरन्तरताका लागि बजेटको व्यबस्था गरेको छु । निर्माण सम्पन्न हुन बाकी भएको कोल्ड स्टोरलाई निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । रावा बेसीको वडा नं. १, ३ र ५ मा निर्माणाधिन वडाकार्यालयकव पक्की भवन र रावा बेसी गाउँपलिका वडा नं. ५

चिण्डेस्वाराको हमखोलामा र कुभिण्डे र हौंचुर जोड्ने संधिय सरकारको सहयोगमा लोचाखोलामा झोलुङ्गे पुलको निर्माण कार्य आ.व. २०७९।८० मा सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।केन्द्रीय प्रशारण लाइनबाट विद्युत सेवा पुर्याउन बाकी बस्ति तथा घरमा आ.व. २०७९।८० मा पूर्णरुपमा विद्युत पुर्याइने छ । आगामी आ.व.मा पूर्वाधार क्षेत्रमा **रु. २ करोड ४१ लाख १७ हजार ५ सय रकम** विनियोजन गरेको छु ।

**४. वातावरण तथा विपद व्यवस्थापनः**

ग्रामीण बस्तिमा धुवरहित चुलो निर्माण अनुदान, फोहरमैलालाई व्यवस्थित विसर्जन गर्न आबश्यक जनचेतनामूलक कार्यक्रम, वातावरण संरक्षणको लागि जनचेतनामूलक तलिम, विपत पूर्व तयारी, प्रतिकार्य र उद्दारको लागि आबश्यक उद्दार सामग्री आदिको व्यवस्था गर्न र विपद कोष मजबुद बनाउन आबश्यक बजेट **रु.९ लाख ६४ हजार ७ सय रकम** विनियोजन गरेको छु ।

**५. सुशासन तथा संस्थागत विकासः**

रावा बेसी गाउँपालिका र अन्तर्गतका कार्यालयको कामको चापको आधारमा संगठनको पुनरसंरचना(O&M) गर्न बजेटको विनियोजनको गरेको छु । सेवाप्रवाहको अबस्थाबाट नै सुशासनको मापन गरिने भएकोले गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालयहरुको तथा स्वास्थ्य कार्यालयहरुको संस्थागत र प्रशासनिक सुधार गरिनेछ ।जनतालाई घरदैलो सेवा पुर्याउन एकिकृत घुम्ति सेवाको लागि आबश्यक बजेट विनियोजन गरेको छु ।गाउँपालिकाको विभिन्न कामलाई सफ्टवेरमा जडान गरिने छ ।एकिकृत उपस्थित अनुगमनलाई मजबुत बनाइने छ। प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परिक्षण, मेलमिलाप रिफ्रेसर

तालिम तथा मेलमिलाप केन्द्र सञ्चालन अभिमुखीकरण कार्यक्रम, जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता विकास तालिम तथा कानूनी शिक्षा कार्यक्रम, कर, राजश्व अशुली तालिम योजनाको सञ्चालनका लागि उपभोक्ता समितिलाई तालिम कर्मचारीहरुलाई समयसापेक्ष क्षमता विकासका तालिमहरुका लागि साथै समुदाय प्रहरी साझेदारी कार्यक्रम आदिका लागि आवश्यक बजेट विनियोजन गरेको छु । राजश्व प्रशासनलाई मजबुत र प्रभावकारी बनाउन राजश्व सम्भाव्यताको लागि थप अध्ययन गरिने छ जसको लागि आबश्यक बजेटको प्रवन्ध मिलाएको छु ।शुसासन र संस्थागत विकासको क्षेत्रमा **रु. २१ लाख ७० हजार ५ सय ७५ रकम** विनियोजन गरेको छु ।

अन्त्यमा,

यसरी बजेट तयार गर्दा आबश्यक सहयोग गर्नु हुने राजश्व परमार्श समिति, कार्यक्रम तथा बजेट सिमा निर्धारण समिति,बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरु,कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारीहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी र सम्पूर्ण कर्मचारी राव बेसी गाउँपालिकाका आम नागरिकहरुमा म हार्दिक धन्यबाद दिदै तोकिएकै समयमा बजेट कार्यान्वयन हुन र कार्यान्यवयनका चरणमा आइ पर्ने विविध खालका समस्याहरु समाधानको लागि समेत उतिकै साथ सहयोगको अपेक्षा गर्दछु । साथै आ.व.२०७९/८० को लागि यो बजेट, विनियोजन विधेयक, २०७९ र अर्थ विधेयक, २०७९ समेत यस सम्मानित सभामा पेश गर्दछु र आबश्यक छलफल गरी पारीतको लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !!